# प्रभु बैंक लिमिटेड, शाखा कार्यालय बुर्तिबाङ, बाग्लुङका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति, गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०३/०४ गते बिहिबारको आर्थिक राष्ट्रिय दैनिक)**

यस बैंकका तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, ब्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएकोले यस बैंकबाट कर्जा चुक्ता फछ्र्यौट गर्ने सम्बन्धमा पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई अन्य कुनै पनि सूचना नदिई नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने ब्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र **बैंकको शाखा कार्यालय, बुर्तिबाङ, बाग्लुङमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०४/१४ गते बिहिबार (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस **बैंकको शाखा कार्यालय, बुर्तिबाङ, बाग्लुङमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र कर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूलउपर नभएमा प्रचलित कानून बमोजिम असुलउपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

## तपसिल

**ऋणी तथा जमानतकर्ताको विवरण :**

**१ ऋणी :** ढोरपाटन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बुर्तिबाङ, बाग्लुङ ४ नं प्रदेशमा मिति २०७४/१०/१० मा दर्ता नं. ७५ मा दर्ता भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग बाग्लुङबाट मिति २०७५/०१/१४ मा स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०७७७९०५३ को प्रमाणपत्र प्राप्त **लेबिना फलफुल तथा किराना पसल** ।

**फर्मको ठेगाना :** बाग्लुङ जिल्ला, ढोरपाटन न.पा. वडा नं. १, बुर्तिबाङ ।

| | |
|---|---|
| **प्रोप्राईटर : चेत कुमार छन्त्याल** (ना.प्र.नं. २०२११३, जारी मिति २०६२/०६/११, जि.प्र.का. बाग्लुङ) ।<br>**ठेगाना :** बाग्लुङ जिल्ला तमानखोला गा.पा. वडा नं. २ (साविक बोङ्गादोभान गा.वि.स. वडा नं. ६) ।<br>बाबु : माया प्रसाद छन्त्याल ।<br>बाजे : भक्तिलाल छन्त्याल । | **जमानतकर्ता : रिता छन्त्याल** (ना.प्र.नं. ५०२०५२/१०२८७, जारी मिति २०७०/०१/१० जि.प्र.का. बाग्लुङ) ।<br>**ठेगाना :** बाग्लुङ जिल्ला तमानखोला गा.पा. वडा नं. २ (साविक बोङ्गादोभान गा.वि.स. वडा नं. ६) ।<br>बाबु : पूर्णलाल कामी । पति : चेत कुमार छन्त्याल ।<br>ससुरा : माया प्रसाद छन्त्याल । |

**ख. लिलाम विक्री हुने सम्पत्तिको विवरण :**

१. चेत कुमार छन्त्यालको नाममा मालपोत कार्यालय बाग्लुङमा दर्ता श्रेष्ता कायम रहेको बाग्लुङ जिल्ला, बुर्तिबाङ गा.वि.स. वडा नं. १, नक्सा सिट नं. १, कित्ता नं. ३५२७ क्षेत्रफल ०-२-२-० (रोपनी) को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पुर्ण लिगलगापात समेत ...............१

२. ऋणी लेबिना फलफुल तथा किराना पसलको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण.........१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग तथा **शाखा कार्यालय बुर्तिबाङ, बाग्लुङबाट** प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग वा **शाखा कार्यालय बुर्तिबाङ, बाग्लुङमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x23